
'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १३६ शनिबार २७ पुष, २०८१ 11 (Saturday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### टीकापुर नगर विकासको जग्गा घोटालाप्रकरण
# उपमेयर शाह र अध्यक्ष जैसी सहित ८७ जना दोषी ठहर

नमस्ते समचारदाता

कैलाली, पुष/२६




विशेष अदालत काठमाडौंले टीकापुर नगर विकास समितिको जग्गा नक्कली कागजातका आधारमा गैर कानुनी तवरले व्यक्ति विशेषका नाममा हक हस्तान्तरण गरी भ्रष्टाचार गरेको अभियोगमा ८७ जनालाई दोषी ठहर गरेको छ । कैलालीको टीकापुर नगरपालिकाका उपमेयर खडकबहादुर शाह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । ०६५/६६ मा किर्ते तथा नक्कली कागजात बनाएर टीकापुर विकास समितिको जग्गा परिवारका सदस्य सहितको नाममा बाँडेको मुद्दामा शाहसहित ८७ जना दोषी ठहर भएका हुन् । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेज नारायण सिंह राई र रितेन्द्र थापाको बिहीबारको इजलासले शाहलाई तीन महिना कैद र बिगोको दामासाहीले १३ लाख सात हजार जरिवाना हुने फैसला गरेको हो । गैरकानुनी रूपमा जग्गाको हक व्यक्तिविशेषमा हस्तान्तरण गरेको अदालतको ठहर छरु। अख्तियारले २४९ लाई प्रतिवादी बनाएर एक वर्षअघि मुद्दा दायर गरेको थियो । अख्तियारले टीकापुर नगर विकास समितिका तत्कालीन तीन अध्यक्ष विरुद्ध मुद्दा चलाए पनि २० जेठ ०६५ मा अध्यक्ष बनेका नेत्रप्रसाद जोशी मात्र दोषी ठहर भएका छन् । तत्कालीन मधेशी जनअधिकार फोरमबाट समितिको अध्यक्ष बनेका जोशी हाल नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सदस्य छन् । विशेष अदालतले टीकापुर नगर विकास समितिका अध्यक्ष नेत्रप्रसाद जोशी र सो समितिबाट गठित गणेशसिंह रावल संयोजक भएको उपसमितिले बदनियत पूर्वक किर्ते प्रमाण राखी आवेदन गर्ने प्रथम तहका खरिदकर्ता व्यक्तिको नाममा जग्गा दाखा गर्न सिफारिस गरेको र मालपोत नापीले गम्भीरतापूर्वक छानबिन नगरी बदनियत राखी, कृत्रिम प्रमाण भएकालाई दाखा गर्न भूमिका निर्वाह गरेको र समितिमा रहेका व्यक्तिले आफ्ना नजिकका मानिसहरूलाई विकास समितिको जग्गा वितरण गरेको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) ज र दफा २२ र दफा २४ बमोजिम कसुर ठहर गरेको छ । घडेरी प्रमाणित पत्र, घडेरी प्लटको असुली पुर्जी रसिदमा भएको अङ्क, अक्षर छाप विशेषज्ञको जाँच प्रतिवेदन गर्दा नक्कली भएको प्रमाणित भएको छ । जोशीलाई एक वर्ष नौ महिना र रावललाई एक वर्ष ६ महिना कैद तथा बिगोको दामासाहीले हुन आउने १३ लाख सात हजार जरिवाना फैसला गरेको छ । यसबाहेक उपसमितिका तत्कालीन सदस्यहरू श्याम खत्री, बम बहादुर बम, देवेन्द्र बहादुर कुँवर, पदमराज न्यौपाने, सदस्यसचिव अम्बादत्त जोशी, योजना प्रमुख बलबहादुर कडायत, नापी अधिकृत मानबहादुर चन्द र मालपोत अधिकृत जयबहादुर विष्ट पनि दोषी ठहर भएका छन् । उनीहरूलाई तीन महिना कैद र बिगोको दामासाहीले जनही १३ लाख सात हजार जरिवाना ठहर भएको छ । दोषी ठहर भएका खत्री गत निर्वाचनमा एमालेबाट टीकापुर नगरपालिकाको मेयरका उम्मेदवार थिए । आरोप दाबीमा उल्लिखित अधिकांश जग्गाहरू किर्ते कागजातको आधारमा विभिन्न व्यक्तिहरूका नाउँमा दाखिला गरेको पुष्टि हुन्छ ।

बाँकी ३ पेजमा...

# कर्णाली करिडोरमा पैदल यात्रुलाई सास्ती

नमस्ते समचारदाता

हुम्ला, पुष/२६



पछिल्लो समय सडक सञ्जाल जोडिएको हुम्ला जिल्लाबाट यात्रा गर्ने पैदल यात्रुले सास्ती खेप्दै आएका छन् । कतै सुख्खा पहिरो खस्ने त कतै धुलाम्मे सडकको कारण हुम्लाबाट कालिकोटसम्म यात्रा गर्दा यात्रुहरुले सास्ती खेप्नुपरि रहेको हो । हुम्लाको सर्केगार्ड गाउँपालिकाबाट सुर्खेतसम्मको पैदल यात्रा गर्नु भएमा यात्रु तेजबहादुर छत्यालले हुम्लाबाट कालिकोटसम्म गाडीमा यात्रा गर्दा निक्कै सास्ती खेप्नु परेको बताए । उनले सर्वप्रथम हुम्लाको खच्च खण्डमा पाँच सय मिटर सडकमा सुख्खा पहिरो खसी रहने भएको कारण सो क्षेत्रमा चार घण्टा सास्ती खेप्नु परेको बताउदै यो क्रम कालिकोटको खुलालुसम्म जारी रहेको जानकारी दिए । यो समास्याले गर्दा सर्केगार्डबाट खुलालुसम्मको १३२ किलो मिटर सडकमा यात्रा गर्न २४ घण्टा समय लागेको र यो बिचमा यात्रुहरुलाई खाना पानीको समेत समस्या भोग्नु परि रहेको छ । धुलाम्मे सडकलाई ढुङ्गा बिछ्याएर यात्रा गर्नु परेको सुनाउदै उनले टिकट पाउन सजिलो भएपनि यात्रा गर्न निक्कै कठिन भई रहेको बताए । हाल सुर्खेतबाट हुम्लाको सर्केगार्ड र सर्केगार्डबाट सुर्खेतसम्म दैनिक एक एक वटा बस सञ्चालन हुँदै आएका छन् । अर्का सुर्खेतबाट सर्केगार्डको यात्रा गर्नु भएका यात्रु अदान कार्कीले कतै सुख्खा पहिरो खस्ने त कतै धुलाम्मे सडकको कारण यात्रुहरुको यात्रा निक्कै कठिन हुने गरेको बताए । केही ठाउँमा सडक फराकिलो भएपनि अधिकाँस सडक एउटा बस सञ्चालनका लागि ठिक्कै भएको कारण यातायातका साधनलाई ओहोर दोहोर गर्न पनि समय लाग्नाले पनि यात्रुहरुले दुःख पाई रहेका छन । कालिकोटको सान्नी घाट, रास्कोट, बाजुराको जगन्नाथ गाउँपालिका क्षेत्रको धुलाम्मे सडकमा यात्रायातका साधनलाई वारपार गर्न समस्या हुँदा यात्रुहरु मिलेर धुलो पन्छाउने र ढुङ्गा बिछ्याउने कार्य गरेर यात्रा गर्नु परि रहेको छ । यो समस्या यात्रुहरुले हुम्ला, बाजुरा र कालिकोट जिल्लाको कच्ची सडकमा भोग्नु परेको छ । यी खण्डको सडकमा नेपाली सेनाले सडक निर्माण गरेर सडक बिभागलाई बुझाएयता त्यसैका स्तरोन्नती कार्य हुन सकेको छैन ।

# प्रधानमन्त्री ओली कानुनमन्त्री र मुख्य सचिवसहित राष्ट्रपतीसँग भेट

नमस्ते समचारदाता

काठमाडौं, पुष/२६



प्रधानमन्त्री केपी शर्मा ओलीले कानुन मन्त्री र मुख्य सचिव सहित राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन् । शुक्रवार कानुनमन्त्री अजय कुमार चौरसिया, मुख्यसचिव एकनारायण अर्याल र कानुन सचिव उदयराज सापकोटा सहित प्रधानमन्त्री ओली राष्ट्रपति पौडेललाई भेट्न शीतल निवास पुगेका हुन् । राष्ट्रपतिसँगको भेटमा समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको भएता पनि सरकारले ल्याउन लागेको अध्यादेशको बारेमा राष्ट्रपतीलाई ब्रिफिङ गरेको बताइएको छ । संसदको हिउँदे अधिवेशन बोलाउन विपक्षी दलहरूले आग्रह गरिरहेका बेला सरकारले अधिवेशन बोलाउने कुनै सङ्केत गरेको छैन । अधिवेशन बोलाउन आलटाल गरेपछि अध्यादेश ल्याउन लागेको भन्दै विपक्षी दलहरू सशङ्कित बनेका छन् । विपक्षी दलहरू दल विभाजन सम्बन्धी अध्यादेश ल्याउन लागेको भन्दै संसद् अधिवेशन बोलाउन सरकारलाई दबाब दिने तयारीमा छन् । प्रधानमन्त्री ओलीको चीन भ्रमण अघि नै सरकारले अध्यादेश ल्याउने व्यापक चर्चा भएको थियो । तर त्यसवेला नेपाली काँग्रैसको तर्फबाट अध्यादेशको विरोध भएपछि सरकार पछि हटेको विपक्षी दलहरूले बताउँदै आएका छन् । यद्यपि प्रधानमन्त्री निकटस्थहरू अध्यादेश ल्याउने सरकारको तयारी नभएको दाबी गर्दै आएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# कस्तो रहला अबको प्रविधि बजार ?

सजना बराल

एआई र क्रिप्टोकरेन्सीको ख्याति अब कता ढल्किएला ? नयाँ आइफोन र अन्य कस्ताखाले ग्याजेट बजारमा आउलान् ? अनलाइन गेमिङ, स्ट्रिमिङ र सामाजिक सञ्जालको प्रतिस्पर्धा अझै कति बढ्ला ? मोबाइल प्रविधि, अन्तरिक्ष खोज, प्रविधिको नियमन र चिप युद्धले कस्तो स्वरूप लेला ? समग्रमा, सिलिकन भ्यालीको अकासिँदो राजनीतिक-आर्थिक प्रभाव वर्ष २०२५ मा कायम रहला कि खस्केला ? भूराजनीति र विश्व अर्थतन्त्रसँग प्रविधि बजारको साइनो कस्तो होला भन्ने कौतूहल यसपालि अलि चाँडै नै देखापऱ्यो । गत नोभेम्बर पहिलो साता डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति निर्वाचित भएसँगै आउँदा दिन प्रविधि क्षेत्रका लागि कस्ता होलान् भन्नेबारे अनेक अड्कलबाजी सुरु भएका थिए । विश्व प्रविधि बजारमा सधैं प्रमुख हिस्सा ओगट्ने अमेरिकाको यसप्रतिको रवैयाले बजारका कतिपय पक्ष निर्धारण गर्ने भएकाले ट्रम्प र उनको प्रशासनप्रति चासो बढेको हो । आफ्नो दोस्रो कार्यकालका लागि सिलिकन भ्यालीका भित्रियाहरूको ठूलो समूह नै निर्धारण गरेका ट्रम्पले यस पटक प्रविधि क्षेत्रलाई विशेष महत्त्व दिने देखिएको छ । उनका उपराष्ट्रपति जेडी भान्स आफैं सिलिकन भ्यालीका भेन्चर क्यापिटलिस्ट थिए भने विवेक रामास्वामी, इलन मस्कजस्ता प्रविधि धनाढ्यले ट्रम्पको सरकारमा महत्त्वपूर्ण स्थान पाउने पक्का भइसकेको छ । ट्रम्पको फ्लोरिडास्थित बंगालो मार-ए-लागोको चक्कर काट्न सुरु गरेका टेक अर्बपतिहरूको दौडधुपले पनि वर्ष २०२५ भर यो क्षेत्र ट्रम्प प्रशासनको नीतिगत र व्यावसायिक रवैया आसपास घुम्ने देखाएको छ । अमेरिका र सिलिकन भ्याली मात्र होइन, युरोपेली संघ, जापान वा प्रतिस्पर्धी रुस र चीन, सबैको जिज्ञासु आँखा ट्रम्पतर्फ छन् । निर्वाचित हुनुअघि ट्रम्पले अघि सारेको 'प्रोजेक्ट २०२५' नामक अवधारणापत्रमा प्रविधि व्यवसाय क्षेत्रलाई उल्लेख्य स्थान दिइएको थियो । यसले पनि ट्रम्पप्रति सबैको उत्सुकता बढेको हो । यसरी हेर्दा वर्ष २०२५ प्रविधि उद्योगका लागि ऐतिहासिक वर्ष बन्ने संकेत देखापरेका छन् ।

**प्रविधिमा पूर्वानुमान**

पछिल्ला केही वर्षझैं सन् २०२५ मा पनि उन्नत चिप बजारमा आधिपत्य जमाउन देशहरूबीच भूराजनीतिक र व्यावसायिक प्रतिस्पर्धा कायम रहने अनुमान गरिएको छ । 'सेमिकन्डक्टर र अन्य प्रविधिमाथिको दौडधुप जारी रहनेछ,' सूचना प्रविधिसम्बन्धी सञ्चार माध्यम पीसी म्यागले लेखेको छ, 'एनभिडिया र एएमडीको सफलताले निरन्तरता पाइरहँदा इन्टेल पनि उनीहरूलाई भेट्न पछि-पछि दौडिर हनेछ ।' अहिले विश्वकै दोस्रो मूल्यवान् कम्पनी रहेको चिप निर्माता कम्पनी एनभिडियाले पहिलो बन्नका लागि एप्पल र माइक्रोसफ्टलाई बलियो टक्कर दिने निश्चित छ । एआई, एज कम्प्युटिङ, क्लाउड, स्ट्रिमिङ, गेमिङलगायत क्षेत्रको बढ्दो प्रतिस्पर्धाले यी क्षेत्रलाई दिने लाभ आगामी वर्ष जारी रहने पक्कापक्की छ । आफ्ना उन्नत चिपसँगै लार्ज ल्याङ्वेज मोडल, जेनेरेटिभ एआई र रोबोटिक प्रविधिमा लगानी बढाएको एनभिडियालाई एड्भान्स्ड माइक्रो डिभाइस (एएमडी), ब्रोडकम, इन्टेलसँगै ताइवानी सेमिकन्डक्टर उत्पादन कम्पनी टीएमएससीले टक्कर दिने प्रयास गर्नेछन् । वर्ष २०२५ मा सेमिकन्डक्टर बजारको आकार बढेर लगभग ८ खर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यस क्षेत्रको आम्दानी झन्डै १४ प्रतिशतले बढ्ने प्रक्षेपण छ । हुवावेलगायत चीनका केही कम्पनीले सेमिकन्डक्टरमा आत्मनिर्भरताको प्रयास जारी राख्नेछन् । चीन र अमेरिकाबीच एक-अर्कालाई निषेध गर्न खोज्ने र बजार प्रभावित पार्न खोजेको आरोप लगाउने 'चिप युद्ध' ट्रम्पको प्रवेशले पेचिलो बन्ने पक्कापक्की छ । चिप बजारमा हाई ब्यान्डविथ मेमोरी, टुएनएम प्रोटोटाइप र पावर कम्पोनेन्टमा नयाँ प्रविधि आउने अनुमान छ । सन् २०२५ लाई लिएर अत्यन्तै उत्साहित अर्को क्षेत्र क्रिप्टो बजार हो । क्रिप्टो मुद्राका समर्थक र प्रवर्द्धक रहेका ट्रम्पसँगै जेडी भान्स र मस्क अमेरिकी सत्तामा पुग्दा यो क्षेत्र अहिले पुलकित देखिन्छ । ट्रम्पको जित आसपास एक लाख अमेरिकी डलर पुगेको बिटक्वाइन वर्ष २०२५ को अन्त्यसम्म १ लाख ६० हजार अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ । विश्वव्यापी क्रिप्टो बजारको आकार बढेर लगभग ८० खर्ब अमेरिकी डलर पुग्ने क्वाइनपेडियाको आकलन छ । इथेरम, कार्दानो, सोलाना, पोल्काडटलगायत सयौं क्रिप्टो मुद्राको प्रगति यो वर्ष बढ्ने पक्काजस्तै छ । यो वर्ष सहजै अनुमान गर्न सकिने अर्को पक्ष आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को थप र विस्तारित प्रभाव हो । एआईको प्रयोग कन्टेन्ट जेनेरेसनमा मात्र सीमित नरहेर क्रिप्टो, ई-कमर्स, सामाजिक सञ्जाल, गेमिङ, क्लाउड, हरित प्रविधि, चिकित्सा विज्ञानलगायत समाजका असंख्य क्षेत्रसँग बढीभन्दा बढी समायोजन हुँदै गएको छ । सन् २०२५ मा एआई क्षेत्रको बजार आकार बढेर झन्डै ८ खर्ब अमेरिकी डलर आसपास पुग्ने अनुमान गरिएको छ । जेन-एआईसँगै रोबोटिक्स, सुपर कम्प्युटिङ, डेटालगायत क्षेत्रमा एआई-बेस्ड नयाँ प्रविधि थपिँदै जानेछन् । उदाहरणका लागि आगामी एक दशकमा चिकित्सा क्षेत्रमा एआईको प्रयोग १७ गुणाले बढ्ने अनुमानहरू सार्वजनिक भएका छन् । यो वर्ष बजारमा एआईको बहुचर्चित लार्ज ल्याङ्वेज मोडलसँगै स्मल ल्याङ्वेज मोडल, सर्च इन्जिन, एज कम्प्युटिङ लगायतमा उल्लेख्य नयाँ उत्पादन आउने अपेक्षा गरिएको छ । योसँगै एआई क्षेत्रको नियमनका सम्बन्धमा पनि वर्ष २०२५ महत्त्वपूर्ण बन्ने अनुमान गरिएको छ । ग्याजेटका क्षेत्रमा २०२५ अत्यन्तै नयाँ प्रविधिभन्दा पनि एआईको समायोजन, डिजाइन र प्रयोगकर्ताको अनुभव सुधारमा आधारित उत्पादनहरू बजारमा आउने अपेक्षा गरिएको छ । एप्पलको आइफोन १७ सिरिज एआईमा आधारित क्यामरा र चिपहरूसाथ आउने अनुमान गरिएको छ । त्यस्तै, २०० मेगापिक्सेलको क्यामरासहित सामसङ ग्यालेक्सी एस २५ र अन्य मोडल, वनप्ल ओपन टु, नथिङ फोनको सिरिज थ्रीसँगै हुवावेको मेट एक्सटी, साओमी फोल्ड थ्री मोडलहरू बजारमा आउनेछन् । फोल्ड हुनेखाले फोन, सुधारिएका डिस्प्ले र प्रोसेसरसँगै गेमिङ र स्ट्रिमिङका पारखीलाई तान्ने प्रयासमा रहेका स्मार्टफोनको बजार यो वर्ष साढे पाँच खर्ब अमेरिकी डलर आसपास पुग्ने अनुमान गरिएको छ । फाइभ जीसँगै र स्याटेलाइट इन्टरनेटको बढ्दो प्रभावले स्मार्टफोन कम्पनीहरूको बजार अझै बढ्ने देखिन्छ । सन् २०२५ भित्रै एप्पल ४० खर्ब अमेरिकी डलर बराबरको पहिलो कम्पनी बन्ने देखिन्छ भने सामसङ, हुवावे, साओमी, ओप्पो, भिभो, सोनीलगायत धेरै कम्पनी एप्पललाई टक्कर दिनेमा लाग्नेछन् । ल्यापटप, हेडफोन, स्वास्थ्यसम्बन्धी ग्याजेट, गेमिङसम्बन्धी कतिपय मोडलसँगै अगमेन्टेड र भर्चुअल रियालिटीमा आधारित उपकरण तथा हरित प्रविधिलाई बढावा दिने उत्पादन पनि बजारमा आउनेछन् । निन्टेन्डो, प्लेस्टेसन, एक्सबक्सका नयाँ मोडल, एप्पल, गुगल, हुवावे र सामसङजस्ता कम्पनीका स्मार्टवाचका पछिल्ला सिरिज, सोनी, एप्पल र अन्य कम्पनीका अडियो डिभाइस बजारमा आउनेछन् । एसर, लिनोभोजस्ता कम्पनीले एनभिडियाको जीपीयूसहितका पर्सनल कम्प्युटर र फोल्डेबल ल्यापटप ल्याउने तयारी गर्दा एप्पलको म्याकका पछिल्ला भर्सनमा सुधारिएका चिप र एप्पल इन्टेलिजेन्सको प्रयोग बढ्नेछ । गेमिङसम्बन्धी डिभाइसहरूको बजार सन् २०२५ मा साढे दुई खर्ब पुग्ने र यसमा सोनी, माइक्रोसफ्ट र निन्टेन्डोबीच प्रभुत्वको प्रतिस्पर्धा जारी रहने अनुमान गर्न सकिन्छ । वर्ष २०२५ मा बढ्ने प्रतिस्पर्धाको कुरा गर्दा छुटाउन नहुने अर्को क्षेत्र सामाजिक सञ्जाल हो । विश्वका ठूला भनिने लोकतन्त्रहरूमा निर्वाचन जित्न मात्र नभएर निरंकुश व्यवस्थाविरुद्ध लड्न र राजनीतिक एजेन्डासँगै मिथ्या र भ्रामक सूचना फैलाउन पनि झनै बलियो बन्दै गएको सामाजिक सञ्जालको व्यवस्थापनसम्बन्धी चुनौती यो वर्ष जारी रहनेछ । सामाजिक सञ्जालमा प्रसार हुने विज्ञापनको बजार मात्रै यो वर्ष ३५० अर्ब अमेरिकी डलर पुग्ने गार्टनरको अनुमान छ । एआईमा आधारित कन्टेन्ट, छोटा भिडियो, प्रत्यक्ष प्रसारण र एआर-भीआर सामग्रीहरू भरमार थपिनेछन् । सन् २०२५ सम्ममा सक्रिय रूपमा सामाजिक सञ्जाल चलाउनेको संख्या सवा ५ अर्ब अर्थात् विश्व जनसंख्याको झन्डै ६३ प्रतिशत पुग्ने अनुमान गरिएको छ । समाजका हरेक क्षेत्रमा प्रभाव पार्न सुरु गरेको सामाजिक सञ्जालले कनेक्टिभिटी र सञ्चार सहजतासँगै ल्याउने प्रतिकूल असरविरुद्ध जुध्न सरकार र समुदायहरूको टाउको दुखाइ यो वर्ष पनि उत्तिकै हुनेछ । वर्षको सुरुमै अमेरिका र विश्वभर टिकटकको भविष्य के हुन्छ भन्ने विषयको निरूपण हुनेछ । गुगल, मेटालगायत कम्पनीले अमेरिका र विश्वका अन्य भागमा झेलिरहेका कानुनी र नीतिगत प्रश्नको समाधान कसरी गर्छन् भन्ने पनि हेर्नलायक विषय हुनेछ । सर्च इन्जिन, कन्टेन्ट क्रिएसन, मार्केटिङ, अडियन्स एनालिसिसजस्ता क्षेत्रमा एआईको बढ्दो प्रयोगले पनि यो वर्षको प्रतिस्पर्धालाई रोचक बनाउनेछ । वर्ष २०२५ मा प्रविधितर्फको अर्को ठूलो दौडधुप अन्तरिक्षमा हुनेछ । स्पेस एक्स र ब्लू ओरिजिनजस्ता निजी कम्पनीले अन्तरिक्ष पर्यटन र यात्रामा गर्दै आएको प्रतिस्पर्धामा बोइङ मिसिएसँगै अन्तरिक्षको व्यापारीकरण व्यापक प्रतिस्पर्धात्मक बन्ने संकेत देखिन्छ । यो वर्षभर स्पेससम्बन्धी कार्यहरूका लागि विश्वका विभिन्न देश र संस्थाले झन्डै ६ खर्ब अमेरिकी डलर खर्च गर्ने र सन् २०३५ सम्ममा यो खर्च त्यसको ३ गुणा बढ्ने अनुमान गरिएको छ । अमेरिकी अन्तरिक्ष एजेन्सी नासा एक्लैले सन् २०२५ मा लगभग २७ अर्ब अमेरिकी डलर खर्चने योजना बनाएको छ । यो वर्ष चन्द्रमा यात्राको प्रयासस्वरूप नासा र जापानले छुट्टाछुट्टै यान पठाउने योजना बनाएका छन् । चीनले आफ्नै अन्तरिक्ष केन्द्रको थप विकास र पुच्छ्रेताराको नमुना संकलनको योजना बनाएको छ । छिमेकी भारतले यसै वर्ष शुक्र ग्रहसम्म यान पठाउने र मानवसहितको अन्तरिक्ष यात्रातर्फको तयारी गर्ने योजना बनाएको छ । अमेरिकाले युरोपेली अन्तरिक्ष निकायसँगको सहकार्यमा मंगल ग्रहमा संकलित नमुना फिर्ता ल्याउने प्रयत्न गर्नेछ । यस्तै, अन्य ग्रह र उपग्रहको खोज २०२५ मा थप हुँदै गर्दा अन्तरिक्षमा एआईको उपस्थिति, पुनः प्रयोग हुने प्रविधिको प्रयोग र व्यावसायिक उडानमा पहल बढ्नेछन् । वर्ष २०२४ मा सर्जकहरूको आन्दोलनलगायत कारणले गर्दा स्ट्रिमिङ र ओटीटी प्लाटफर्महरूमा कतिपय ठूला शो र प्रोडक्सन रोकिएका थिए । नेटफ्लिक्स, अमेजन प्राइम, डिज्नी, हुलु, एप्पल टीभी, एचबीओ, युट्युब लगायतका स्ट्रिमिङ प्लाटफर्मका लागि सन् २०२५ अपेक्षित रूपमा नयाँ र ठूला शो ल्याउन र प्रभुत्व जमाउनेमा केन्द्रित रहनेछ । सुधारिएको प्रोडक्सन र सर्वसुलभताले यस्ता प्लाटफर्मप्रतिको आकर्षण अझै बढ्ने अनुमान गरिएको छ । स्ट्रेन्जर थिङ्स, हाउस अफ ड्रागन, मार्बल, लर्ड अफ द रिङ्गस, अवतारजस्ता कैयौं ठूला प्रोडक्सन यो वर्ष नयाँ सिजनसहित ओटीटीमा फर्कंदै छन् । अनलाइन विज्ञापनको बढ्दो बजारलाई युट्युब, मेटा, टिकटक र अन्य स्ट्रिमिङ प्लाटफर्मले सक्दो उपयोग गर्नेछन् । समग्रमा, वर्ष २०२५ नयाँ उत्पादन वा प्लाटफर्म बनाउनेभन्दा पनि भइरहेका उत्पादन र प्लाटफर्मको अनुभव र शैली सुधारमा केन्द्रित रहने विश्लेषण भइरहेको छ । माथि उल्लिखित विषयसँगै विद्युतीय सवारी, सुपर कम्प्युटर, हरित प्रविधिजस्ता क्षेत्रमा पनि बजारको आकार र नवीनतम सोच बढ्ने अनुमान गरिएका छन् । यी सबैका बीच, एउटा कुरा भने पक्का छ- प्रविधि क्षेत्रका धनाढ्यहरू अझै शक्तिशाली र धनी बन्नेछन् भने ट्रम्प सरकारमा मन्त्री हुने तयारीमा लागेका इलन मस्कको सम्पत्ति ५ खर्ब कट्ने पक्कापक्की छ ।

*-कान्तिपुर*





जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# बाढीपीडितले अझै पाएनन् राहत

■ नमस्ते समचारदाता
बाजुरा, पुष/२६



बडीमालिका नगरपालिकाका बाढीपीडितले पाँच वर्ष बित्दा पनि राहत तथा क्षतिपूर्तिको रकम पाएका छैनन् । २०७७ साउन २५ गते बुढीगङ्गा नदीमा आएको विनाशकारी बाढीपहिरोबाट विस्थापित भएका पीडित नागरिकले अहिलेसम्म राहत तथा क्षतिपूर्ति रकम पाएका छैनन् । क्षतिपूर्तिका लागि बेला बेला प्रशासन धाउँदा पनि सुनुवाइ नभएको गुनासो बाढीपीडितले गरेका छन् । बाढीपीडितले पहिलो किस्ताको पनि आधा रकम मात्र पाएको पीडित किसन कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो किस्तामै ५० हजार पाउनुपर्ने थियो तर हामीलाई ३५ हजार मात्र रकम दिइएको छ ।" बाढिपहिरोबाट विस्थापित भएको पाँच वर्ष भयो तर हालसम्म पहिलो किस्ताकै पूरा रकम नपाएको उहाँले गुनासो गर्नुभयो । बाढीपहिरोबाट विस्थापित भएपछि प्रशासनमा राहतका लागि निवेदन दियौं । सरकारले पूर्ण क्षति भएकालाई मात्र राहत दिने भएपछि प्रमाण पेस गर्न भनियो, प्रमाण पेस गर्यौं तर अहिलेसम्म राहत तथा क्षतिपूर्ति रकम नपाएको उहाँले दुःखेसो पोख्नुभयो । बाढीपीडित टीका नाथका अनुसार सरकारले बाढीपीडितलाई घर बनाउनका लागि पाँच लाखसम्म दिने भनेर सबै विवरण सङ्कलन गरेर लगेको थियो । रकम दिन्छ भनी विश्वास लागेर ऋण लिएर घर बनायौं तर हालसम्म पनि त्यो रकम नपाएपछि पीडितहरू झन् पीडामा गएका छन् । उहाँले भन्नुभयो, "साहुले पैसा मागिरहेका छन्, पैसा छैन, कसरी ऋण तिर्ने हो ।" प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याका अनुसार बडीमालिका नगरपालिकाका बाढीपीडित नागरिकका लागि विपत् व्यवस्थापन समितिले जम्मा ३७ परिवारलाई ३५ हजार रुपियाँका दरले रकम भुक्तानी गरेको छ । सङ्घीय सरकारबाट बजेट नआउँदा पीडित परिवारको राहत तथा क्षतिपूर्तिको रकम भुक्तानी गर्न नसकिएको उहाँले बताउनुभयो । पीडित परिवारले घर निर्माणका लागि पाउनुपर्ने पाँच लाख रुपियाँमध्ये ३५ हजार मात्र भुक्तानी भएको अधिकारी पाध्याको भनाइ छ । बाढीबाट घरविहीन भएका परिवारको नामावली स्थानीयस्तरमा सङ्कलन गरेर पठाएको तथ्याङ्क अनुसार मनसुनजन्य विपत्का लागि १५ करोड रुपियाँको माग गरेको उहाँले बताउनुभयो तर माग अनुसारको बजेट आउन नसकेको उहाँले बताउनुभयो । अहिले तत्काल मनसुनजन्य विपत्का लागि मात्र छ करोड ४५ लाख रुपियाँ आएको उहाँले बताउनुभयो ।

# विपन्न बालबालिकालाई शैक्षिक सामग्री वितरण

■ नमस्ते समचारदाता
नेपालगन्ज, पुष/२६



सशस्त्र प्रहरीले सीमावासीसँग सम्बन्ध विस्तार गर्न सञ्चालन गरेको 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत बाँकेको दुर्गम र कम विकसित क्षेत्र मानिने नरैनापुरको नाकामा रहेका विपन्न बालबालिकालाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिएको छ । नरैनापुर गाउँपालिका ४ स्थित नेपाल भारत नाकामा रहेको घोरदौडिया गाउँमा रहेको राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत दुई सय जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण हेडक्वाटर बागेश्वरी बाँकेका प्रमुख एसपी बिमल डाँगीले बताउनुभयो । उहाँले 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत नाका नजिकका नेपाली बासिन्दासँग छलफल, भेटघाट, अन्तरक्रिया र अन्य गतिविधी गरेर नागरिक र प्रहरीको सम्बन्ध सुदृढ पार्दै गएको जनाउँदै सोही अन्तर्गत शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिएको बताउनुभयो । यसअघि केही दिन पहिले मात्रै डुडुवा गाउँपालिकाको खडैँचा नाका नजिक शसस्त्र प्रहरीले निःशुल्क स्वास्थ्य शिविर राखेर करिब ३०० जना स्थानीयको उपचार र औषधी वितरण गरेको थियो । बिहीबार नरैनापुर ४ घोरदौडिया गाउँमा आयोजना गरिएको कार्यक्रममा नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाह, सशस्त्र प्रहरी उपरिक्षक बिमल डाँगी, वडा नम्बर ४ का वडा अध्यक्ष मनोज शर्मा र विद्यालयका प्रधानाध्यापकले बालबालिकालाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्नुभएको सशस्त्र प्रहरीका डिएसपी गजेन्द्र चन्दले बताउनुभयो । उहाँले सो अवसरमा बालबालिकालाई कपि, कलम, पेन्सिल, इरेजर र सर्पनर तथा भलिबल, फुटबल र ब्याटमिन्टनका खेल सामग्री हस्तान्तरण गरिएको बताउनुभयो । सो कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष शाहले सशस्त्र प्रहरीले सञ्चालन गरेको 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' निकै उपयोगी, समय सान्दर्भिक र सीमाको रक्षाका लागि अतिआवश्यक रहेको बताउनुभयो । यस्ता कार्यक्रमले सीमा नजिक बसोबास गर्ने नेपाली र सुरक्षाकर्मीको सम्बन्ध सुदृढ भई विभिन्न गैर कानुनी काम र गतिविधि रोक्न सहयोग मिल्ने अध्यक्ष शाहले बताउनुभयो । सोही प्रकारले केही दिन अघि मात्र सशस्त्र प्रहरी बल नम्बर ४२ रिजर्भ गण शम्शेर गन्जले पनि विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको थियो । सशस्त्र प्रहरी बल नम्बर ४२ रिजर्भ गण, शम्शेरगन्जले राप्ती सोनारी गाउँपालिका -८ स्थित भगवती आधारभूत विद्यालयका १३२ विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको थियो । सशस्त्र प्रहरी नायब उपरीक्षक छवी रावतका अनुसार स्थानीयबासी सँग समन्वय र सहकार्य गर्ने उद्देश्यले विद्यार्थीलाई शैक्षित सामग्री वितरण गरिएको थियो ।

# चिसो बढेपछि कोहलपुरका विद्यालय चार दिन बन्द

■ नमस्ते समचारदाता
कोहलपुर, पुष/२६




शीतलहर र चिसो अत्यधिक बढेपछि बाँकेको कोहलपुर नगरपालिकाले नगरभित्रका सबै विद्यालय चार दिन बन्द गर्ने निर्णय गरेको छ । केही दिनयता बढ्दै गएको अत्यधिक चिसोका कारण बालबालिकाहरु बिरामी पर्न थालेपछि विद्यालय बन्द गरिएको नगरपालिकाले जनाएको छ । कोहलपुर नगरपालिकाका प्रवक्ता नम बहादुर आलेमगरले दिनुभएको जानकारी अनुसार शीतलहर तथा हुस्सुका कारण अत्यधिक चिसो बढेपछि पुस २६ गतेदेखि २९ गतेसम्म लागि पालिका भित्रका सम्पूर्ण विद्यालय बन्द गरिएको छ । उहाँले चिसोले बालबालिकाहरु प्रभावित भएको अभिभावकले जानकारी गराएर बिदा दिनुपर्ने माग गरेकोले हालका लागि चार दिन सबै विद्यालय बन्द गरिएको जनाउनुभयो । अत्यधिक चिसोका कारण पुस २५ गते बालबालिकाहरूलाई पर्याप्त गृहकार्य दिएर चिसोबाट सचेत रहन जानकारी गराई बिदा गरिएको कोहलपुर नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । सोही प्रकारले जिल्लाका अन्य पालिकाहरुमा पनि विद्यालय बन्द गर्नुपर्ने माग अभिभावकले गरेका छन् । केही दिनयता चिसो अत्यधिक बढेकोले बालबालिकालाई विद्यालय पठाउन समस्या भएको जनाउँदै विद्यालय केही दिन बन्द गर्नु पर्ने माग अभिभावकको छ । बढ्दो चिसोको जोखिमलाई मध्यनजर गर्दै तल्लो तहमा अध्ययनरत साना बालबालिकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी बाल विकास र कक्षा १ देखि ५ सम्मको कक्षा सञ्चालन बन्द गर्नुपर्ने अधिकांश अभिभावकको माग रहेको शिक्षा बिभिन्न पालिकाका शिक्षा शाखाले जनाएका छन् । बाक्लो हुस्सु र शीतलहरका कारण चिसो अत्यधिक बढ्दा केही दिनयता यहाँका सबै पालिकाको जनजीवन अति नै कष्टकर बन्दै गएको छ । सोही कारणले नेपालगन्जको राँझा विमानस्थलबाट हुने उडानहरु पनि अनियमित हुन थालेका छन् । चिसोले गर्दा जिल्लाका प्रमुख बजारहरुमा मानिसहरुको चहलपहल पनि निकै घटेको छ ।

## उपमेयर...

विधिविज्ञान प्रयोगशालाबाट परीक्षण भएका अयाको छाप र अक्षरहरूको बनावट समेत विश्लेषण गरी दाबीको कित्ता नम्बरका जग्गाहरूको दाखिला, नामसारी गर्ने व्यक्तिहरू अधिकांशले नक्कली कागजात पेस गरी जग्गा दाखिला गरेको देखिन आउँछ,' विशेषले भनेको छ । जग्गा आफन्त र परिवारका नाममा पुऱ्याउन समितिका अध्यक्ष जोशीले रावलको संयोजकत्वमा उपसमिति गठन गरेका थिए । सिफारिस गर्दा कतिपय निवेदकलाई विनाघडेरी प्रमाणपत्र र विनारसिद नै सिफारिस गरेको पाइन्छ । फैसलामा भनिएको छ, 'समितिका अध्यक्ष जोशीले उपसमितिले पेस गरेको प्रतिवेदन समितिको बोर्डसमक्ष निर्णयार्थ प्रस्तुत नगरी आफ्नै एकल निर्णयको आधारमा दाखिलाको सिफारिस गरेकोसमेत देखिन आउँछ ।' त्यस्तै, मालपोत प्रमुख तथा विकास समितिका कर्मचारीले समेत यसअघि प्लट रजिस्टरमा अभिलिखित व्यक्तिहरू नै सूचनाअनुसार दाखिला गर्ने प्रयोजनका लागि निवेदन दिन आएको कुरा ख्याल गरेनन् । 'यसतर्फ गम्भीरतापूर्वक छानबिन, चेकजाँच नगरी बदनियत राखी, जानाजान त्यस्ता कृत्रिम प्रमाण पेस गरेका व्यक्तिहरूको नाममा दाखिला गर्न-गराउन उनीहरूले भूमिका निर्वाह गरेको विशेषको ठहर छ,' फैसलामा भनिएको छ, 'पहिले नै निवेदन दिई दाखिला नामसारी हुन बाँकी रहेका निवेदकहरूको घडेरी प्रमाणितपत्रमा भएका अंक, अक्षर र छापसँग यी प्रतिवादीहरू रहेको समितिले जारी गरेको सूचनापश्चात् पेस भएका घडेरी प्रमाणित पत्र र घडेरी प्लटको असुली पुर्जी रसिदमा भएको अंक, अक्षर र छाप विशेषज्ञको जाँच प्रतिवेदन अनुरूप मिलेभिडेको देखिन आएनरु' सरकारले व्यवस्थित बसोबास बसाउने तथा न्यून आयका वञ्चित समूहलाई प्राथमिकतामा राखी घडेरी उपलब्ध गराउने उद्देश्यले ०२८ देखि दीर्घकालीन योजना ल्याएकोमा समितिका पदाधिकारीले बदनियत राखेर मिलेमतोबाट तोकिएको कर्तव्य र दायित्वभन्दा पर गई निर्णय गरेको ठहर विशेषको छ ।

## सुदूरपश्चिममा...

भूकम्पपछि पनि मानवीय क्षति कम गर्न 'क्वीक उद्धार' का लागि उद्धार टोली, उद्धारकै लागि हेलिकोप्टर तयार राख्नु पर्ने उहाँको भनाइ छ । वि.सं. २०७२ को भूकम्पपछि धादिङमा राहत कार्यमा करिब दुई वर्ष मा काम गरेको अनुभव बटुल्नु भएका सामाजिक अभियन्ता धनपति ढुंगेल भन्नुहुन्छ, "प्रदेश सरकारले विपद्मा प्रभावित भएकाहरुको खोज तथा उद्धार गर्ने नीति लिएको छ । तर नेपाल प्रहरी प्रदेश मातहतमा नहुँदा त्यस्ता काम प्रभावकारी हुन मुस्किल हुन्छ ।" विगत दुई वर्षयता बाजुरा, डोटी र बझाङमा क्षति भोगेका मानिसहरुले राहत तथा पुनर्निर्माणमा अहिलेसम्म सहयोग नपाएको ढुंगेलको भनाइ छ । हुन पनि बाजुरामा तीनवटा भूकम्पले धेरै क्षति पुगाएको छ । तीमध्ये दुईवटा भूकम्पको केन्द्रविन्दु बाजुरामै थियो । तीनवटा भूकम्पमा तीन हजार १५६ घर तथा सरकारी भवन पूर्णरुपमा क्षति भएको थियो । तर अहिलेसम्म अस्थायी टहराका लागि एक हजार ८४४ परिवारले पहिलो किस्ताको २५ हजार रुपियाँ मात्र पाएको जिल्ला प्रशासन कार्यालय बाजुराका विपद् फोकलपर्सन नयनबहादुर रावलले बताउनुभयो । उहाँका अनुसार दोस्रो किस्ताका लागि २५ हजार सङ्घीय सरकारबाट आएकै छैन । बझाङमा पनि ७४३ घरमा क्षति पुगेपछि उहाँहरुको अस्थायी बसोबास गराउन सङ्घीय सरकारले मात्र झण्डै १२ करोड खर्च गरेको छ । तर उहाँहरुको स्थायी बसोबास कहिले हुने भन्ने अनुत्तरित छ ।

हाल जापानमा बसेर प्रकृतिक प्रकोप तथा जोखिम न्यूनीकरणमा अध्ययनरत डा. गणेशराज जोशी भूकम्पीय जोखिम न्युनीकरण गर्न नेपालले जापानी मोडलबाट सिक्न सक्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रशान्त महासागरीय "रिङ अफ फायर" को किनारमा रहेको जापान संसारकै सबैभन्दा धेरै भूकम्प जाने देशमध्ये हो । उन्नत तयारी, प्रविधि र जनचेतनाको माध्यमबाट भूकम्पबाट हुने जनधनको क्षतिलाई सफलतापूर्वक न्यूनीकरण गरेको छ ।"

**पुराना घरको तथ्यांक जरुरी**

सुदूरपश्चिममा धेरै घर पुराना शैलीका छन् । त्यसमा पनि धेरै माटोको गाह्राले बनेका छन् । भवन संहिता २०६० कार्यान्वयनमा आयो । नगरपालिका क्षेत्रमा भवन संहिता लागू पनि भएको छ । अब, सबै नगर तथा गाउँपालिकाले भवन संहिता कार्यान्वयन गर्नु पर्ने विज्ञको सुझाव छ । शहरी विकास तथा भवन निर्माण विभागका इन्जिनियर झंक थापाले नीजि र व्यावसायिक भवन बनाउँदा पालिकाले भवन संहिताले कडाइका साथ लागू गर्नुपर्ने बताउनुहुन्छ । भूकम्प दिवसमा मात्र होइन अघिपछि पनि भूकम्पबारे सचेतना अभियान चलाउनुपर्ने उहाँको सुझाव छ । भूकम्पको जोखीम कम गर्न भूकम्पले क्षति पुन सक्ने पुराना संरचनाको तथ्याङ्क लिनुपर्छ र भूकम्प प्रतिरोधी हुने गरेर मर्मतसम्भार गर्नुपर्छ, उहाँले भन्नुभयो, "मर्मत नहुने घरमा बस्नेका लागि वैकल्पिक व्यवस्था गर्नुपर्छ । भूकम्प प्रतिरोधी घर प्राविधिकविना पनि बनाउन सक्ने खालको भएकाले त्यसमा पनि सर्वसाधारणले ध्यान दिनुपर्छ ।" राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले सुदूरपश्चिम प्रदेशमा पाँच लाख ४६ हजारसँग आफ्नै घर र २५ हजार ३८१ परिवार भाडामा बस्ने जनाएको छ । दुई हजार ३९९ संस्थागत भवन छन् । परिवारको हिसावले सुदूरपश्चिममा पाँच लाख ७६ हजार ७७२ परिवारको बसोबास छ । यस्तै, सुदूरपश्चिम प्रदेशको जनसंख्या २६ लाख ९४ हजार सातसय ८३ रहेको छ ।

**धनगढीमा ४० प्रतिशत घर भूकम्प प्रतिरोधी**

सुदूरपश्चिम प्रदेशमा ८८ वटा पालिका (स्थानीय सरकार) छन् । तीमध्ये धनगढी प्रदेशकै एक मात्र उपमहानगरपालिका हो । नगरपालिकामा अनिवार्य रुपमा भूकम्प प्रतिरोधी घर बनाउने भनिएपछि २०७० साल माघ १६ देखि धनगढीमा पनि त्यो व्यवस्था लागू भएको छ ।

# हुम्लाको खार्पुनाथमा औषधि अभाव

नमस्ते समचारदाता

हुम्ला, पुष/२६




हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकामा औषधि अभाव भएको छ । गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थामा एक महिनादेखि औषधि अभाव भएको हो । सरकारले निःशुल्क वितरण गर्ने औषधि अभाव हुँदा बिरामी समस्यामा परेका स्वास्थ्यकर्मीले बताएका छन् । गाउँपालिकामा चार स्वास्थ्य चौकी, एक सामुदायिक अस्पताल, एक आधारभूत स्वास्थ्य केन्द्र र ६ आधारभूत स्वास्थ्य एकाइ छन् । ती स्वास्थ्य संस्थामा बिरामी जाने गरेका भए पनि औषधि नहुँदा उपचारबिना फर्किने गरेका छन् । स्वास्थ्यचौकीमा औषधि लिन पुग्दा स्वास्थ्यकर्मीले औषधि छैन भनेर फर्काइदिने गरेको रायाँ गाउँका दलसुर परियारले बताउनुभयो । स्वास्थ्य संस्थामा सिटामोलका साथै रुघाखोकी, दमलगायतका बिरामीका लागि आवश्यक पर्ने औषधि अभाव भएको छ । सो गाउँपालिकाका स्वास्थ्य संयोजक हरिभक्त शाहीका अनुसार औषधि खरिदका लागि बोलपत्र आह्वान ढिला गरेका कारण औषधि अभाव भएको हो । दशैँअघि रु पाँच लाखको औषधि खरिद गरिद गरेको उहाँले बताउनुभयो । "दशैँमा खरिद गरेको औषधि सकिएको छ", उहाँले भन्नुभयो । गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णु बहादुर शाहीले यहाँका स्वास्थ्य संस्थामा चाहिने औषधि र उपकरण खरिद गर्न टेण्डर आह्वान भएर स्वीकृत भएको बताउनुभयो । माघ पहिलो सातासम्म औषधिको व्यवस्था गरिने उहाँले बताउनुभयो । स्वास्थ्य चौकीमा औषधि अभाव हुँदा उपचारका लागि बिरामी जिल्ला अस्पताल सिमकोट धाउने गरेका छन् । खार्पुनाथ-१ को पिउस आधारभूत स्वास्थ्य एकाइ, वडा नम्बर ३ को कारङगा, वडा नम्बर ४ को लेख, छिप्रा आधारभूत स्वास्थ्य एकाइ, वडा नम्बर ५ को दुर्पा र ताक्ला आधारभूत स्वास्थ्य एकाइमा औषधि अभाव भएको हो ।

# मदिराको लतले राउटेको अस्तित्व संकटमा

नमस्ते समचारदाता

दैलेख, पुष/२६



जङ्गलमा फिरन्ते जीवन बिताउने र आफूलाई 'वनको राजा' भन्न रुचाउने राउटे पछिल्लो समयमा नेपालका नागरिक हौँ भनेर गर्व गर्न थालेका छन् । वनको राजा भन्ने र राज्यले स्थायी बसोबासका लागि पहल गर्दासमेत समुदायको छेउछाउमा बस्न नमान्ने समस्याका कारण पछिल्लो समय राउटे समुदाय सङ्कटोन्मुख छ । अत्यधिक मदिराको सेवन गर्नु, पोषणयुक्त खानाको कमी हुनु, नवजात शिशुको हेरचाहमा कमी जस्ता कारणले उनीहरूको अस्तित्व मेटिने खतरा बढेको हो । राउटेको जनसंख्या बर्सेनि घट्दो क्रममा छ । मदिराको उच्च सेवनबाट युवादेखि वृद्धवृद्धासम्मले अकालमा ज्यान गुमाइरहेका छन् भने हेरचाह र खानपान नमिल्दा बालबालिकाले ज्यान गुमाएका छन् । हाल राउटे समुदाय सुर्खेतको गिरीघाटमा बस्दै आएका छन् । राउटे दैलेख, सुर्खेत, जाजरकोट, सल्यान आसपासका जङ्गलमा बस्छन् । उनीहरू कहिले जङ्गलका छेउ त कहिले पहाडको खोँच तथा टाकुरा र नदी किनारमा बसाइँ सरिरहन्छन् । नेपालको सम्पदा र कर्णालीको गहनाका रूपमा चिनिने राउटे फिरन्ते जाति हो । २०७२ सालमा राउटे युवा कपिल शाही जलेर सख्त घाइते हुनुभयो । उहाँको काठमाडौँसम्म पुर्याएर उपचार गरिएको थियो तर आगोले पोलिएको घाउ निको भएन । घाउको दुखाइ कम गर्न उहाँले मदिराको सहारा लिनुभयो । नियमित अत्यधिक मदिरा सेवनले उहाँलाई अन्य स्वास्थ्य समस्या देखियो । अन्ततः कपिलले २०७७ असार ३१ गते ज्यान गुमाउनुभयो । मदिराको अत्यधिक सेवनका कारण ज्यान गुमाउने समुदायका अर्का युवा हुन्, शिवराज शाही । बजारमा पाइने लिची जस्ता मदिराको लतमा फसेका शिवराजले २०७८ वैशाखमा ज्यान गुमाउनुभयो । त्यसमध्ये धेरैजसो वयस्क उमेरका राउटे युवामा मदिरा सेवनको असर देखिएर मृत्यु हुने गरेको छ । जाँड खानु राउटे समुदायको मौलिक विशेषता बनेको छ । उनीहरू परापूर्वकालदेखि छाप्रोमा बचेको खानाबाट जाँड बनाउने र सेवन गर्ने गर्दै आएका थिए तर पछिल्ला वर्षमा भने बजारमा पाइने कमसल गुणस्तरको मदिराका पारखी बनेका छन् । बालबालिकादेखि बुढापाकामा मदिरा सेवनको लत बढ्दै गएको छ । अत्यधिक मदिरा सेवनका कारण भिरबाट लडेर मृत्यु हुने क्रम बढेको छ । राउटे प्रतिष्ठानकी अध्यक्ष सत्यदेवी अधिकारीले बजारको कमसल गुणस्तरको मदिराको प्रयोग पूर्ण रूपमा रोक्न नसके राउटेको अस्तित्व नामेट हुने बताउनुभयो । उहाँ भन्नुहुन्छ, "राउटेको मदिरा सेवनको लत बन्द गर्नु पर्छ । सामाजिक सुरक्षा भत्ता मदिरामै सक्ने प्रवृत्ति राउटे समुदायमा छ, यसले समुदाय नै लोप हुने अवस्था नआउला भन्न सकिँदैन, त्यसैले अब सामाजिक सुरक्षाभत्ता दिँदा सरकारले अन्य विकल्प खोज्नु पर्छ । पहिले राउटेहरू गिठा, भ्याकुर, तरुललगायतका जङ्गली कन्दमूलको भरमा बाँच्थे, अहिले अस्वस्थकर खानाले पनि उनीहरूको स्वास्थ्यमा असर पुर्याएको छ । त्यसका लागि राज्यले विशेष नीति अवलम्बन गर्न आवश्यक छ ।" सङ्घीय सरकारले राउटे समुदायलाई आर्थिक वर्ष २०६५/६६ देखि नै सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । हाल राउटे समुदायमा प्रतिव्यक्ति मासिक चार हजार रुपियाँ भत्ता पाउँछन् । भत्ता बुझ्केको केही दिन उनीहरू मदिरा सेवनमा लट्ठ हुन्छन् । राउटे समुदायका नागरिकले भत्ताको रकम सबै रक्सी, सुर्ती र चुरोटमा खर्चिने गरेका छन् । राउटे महामुखिया सूर्यनारायण शाहीले आफ्नो समुदाय रक्सीको कुलतमा फसेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिले हामी आफैँले बनाएको जाँड खान्थ्यौँ, अहिले त सबै बजारका रक्सी खान्छन् । महिला र पुरुष दुवैले अत्यधिक रक्सी सेवन गर्ने समस्या छ, अहिले त बालबालिका पनि अभिभावकसँगै रक्सी खान थालिसके ।" बुवाआमा मदिराको लतमा फसेर भर्खर जन्मिएका बालबच्चाको हेरचाह नगर्दा सबै सन्तान जन्मिने बित्तिकै मर्न थालेको उहाँको भनाइ छ । राउटे समुदायमा पछिल्लो पाँच वर्षयता २७ शिशु जन्मिएका छन् । समुदायमा सोसेक नेपालले सञ्चालन गरेको राउटे परियोजनाले उपलब्ध गराएको तथ्याङ्कमा २०७५ साउनदेखि २०७८ मङ्सिरसम्म २६ जना शिशु जन्मिएका छन् । पाँच वर्षको अवधिमा जन्मिएका २७ शिशुमध्ये १४ जनाले ज्यान गुमाइसकेका छन् । यसले राउटे समुदायमा बाल मृत्युदर ५० प्रतिशतभन्दा बढी देखाउँछ । परियोजनाका जोडी शिक्षकको रूपमा राउटे बस्तीमा खटिएका लाल बहादुर खत्रीले अभिभावकले मदिरा सेवन गरेर हेरचाह नगर्दा शिशुहरूले जन्मिएको एक हप्ताभित्रै ज्यान गुमाउने गरेको बताउनुभयो । उहाँका अनुसार राउटेको बसाइँ नै त्यस्तै छ, चिसो भुइँमा सुत्ने गर्छन्, पोषणयुक्त खानपिन छैन, त्यसमाथि अभिभावक मदिराको लतमा फस्दा शिशुले अकालमै ज्यान गुमाइरहेका छन् । राज्यले वासस्थानको प्रबन्ध गर्छौं भन्दा नमान्ने कारण राउटे समुदायको जनसंख्यासमेत घट्दै गएको छ । २०७५ सालमा राउटे परियोजना सुरु हुँदा राउटेको जनसंख्या १४७ थियो भने अहिले १३७ मा झरेको छ । गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर बिसीले गुराँस गाउँपालिका-८ का स्थायी बासिन्दाको परिचयपत्रसमेत दिएको र नियमित सामाजिक सुरक्षा भत्तासमेत वितरण गर्ने गरेकाले उनीहरूले मानेको खण्डमा गुराँसमै राख्न सकिने बताउनुभयो ।

# सुदूरपश्चिममा भूकम्पीय जोखिम, तर छैन पूर्वतयारी

नमस्ते समचारदाता

धनगढी, पुष/२६



पश्चिम नेपाल र विशेषगरी सुदूरपश्चिम क्षेत्रमा महाभूकम्पको जोखिम सम्भावना रहेको बताइन्छ । सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गर्न भने सरोकारवाला चुकेको विज्ञहरुको टिप्पणी छ । विज्ञहरुका अनुसार भूकम्पको उच्च जोखिमका बाबजुद विगत पाँचसय वर्ष यता यस क्षेत्रमा ठुलो भूकम्प गएको छैन । सन् १५०५, जुन ६ मा तल्लो मुस्ताङ केन्द्रविन्दु भएर ८.२ देखि ८.८ रेक्टरसम्मको भूकम्प गएको थियो । त्यो भूकम्पमा तिव्वतमा ठुलो क्षति भएको थियो । त्यसमा नेपालतर्फ के कति जनधनको क्षति भयो भन्ने ऐकिन तथ्याङ्क छैन । यसको असर नेपालतर्फ ठुलो मात्रामा परेको थियो । सो महाभूकम्पपछि त्यत्ति नै ठुलो भूकम्प जान करिब ५०० देखि ८०० वर्ष लाग्ने विज्ञहरु बताउँछन् । अहिले गइरहेका ससाना भूकम्पले पश्चिम नेपालदेखि भारतको काँगडासम्मको 'हिमालय थ्रस्टको स्ट्रेश रिलिज' नभएको भूकम्पको प्रकोप तथा जोखिम न्यूनीकरण सम्बन्धी अध्यता डा. गणेशराज जोशीको भनाइ छ । "पश्चिम नेपाल क्षेत्रको जमिनमुनी लामो समयदेखि ठुलो शक्ति सञ्चय भएर बसेको छ । त्यो कुनै पनि बेला विस्फोट हुन सक्छ" उहाँले भन्नुभयो । सम्भावित महाभूकम्पको जोखिमबाट बच्न स्थानीय, प्रदेश तथा सङ्घीय गरी तीनै तहका सरकारले पूर्वाधार तयारी, सचेतनालगायत जोखिम न्यूनीकरणका सार्थक प्रयास गर्नुपर्ने सुझाव उहाँको छ । "नेपाल हिमालयन सिस्मिक बेल्टको हिस्सा भएकाले, धेरै अध्ययन र अनुसन्धान निष्कर्षहरूले पश्चिम नेपाल भूकम्पीय जोखिममा रहेको अनुसन्धानले देखाएको छ" उहाँले थप्नुभयो, "हिमालयन थ्रस्ट फल्ट प्रणालीमा टेक्टोनिक तनावको सञ्चयले पश्चिमी नेपाललाई विशेषगरी भविष्यमा ठूलो परिमाणको भूकम्पको जोखिम देखिन्छ ।" पछिल्ला समय पश्चिमी नेपालमा स-साना भूकम्प धेरै गएको छ । त्यसले भूकम्पको असर बाट जोगिन सरोकारवालालाई झक्झक्याए पनि भूकम्पमैत्री घर तथा अन्य पूर्वाधार, सचेतना अभियानका कार्यक्रम भएको छैन । पाँच करोड वर्ष पहिले यूरेसिया र इन्डियन टेक्टोनिकप्लेट ठोक्किदा महाभूकम्प गएको थियो । अहिले पनि नेपालको उत्तरी भू-भागमा रहेको इन्डियन प्लेट तिब्बतियन प्लेटमा प्रतिवर्ष १.८ मिलिमिटरका दरले छिरिरहेको छ । त्यसले नेपाल सँधै महाभूकम्पको जोखिममा छ । एउटा चट्टान अर्कोमा छिर्न खोज्दा चट्टानमा आउने घर्षण वा ठोक्काइले गर्दा शक्ति उत्पन्न हुन्छ । त्यसले भूकम्प ल्याएर क्षति गराउँछ । सुदूरपश्चिममा भूकम्प जाने शक्ति सञ्चय भएर बसेको छ । त्यो कुनै पनि बेला विस्फोट भएर महाभूकम्पमा परिणत हुन सक्छ । त्यसैमा सुदूरपश्चिमको भौगोलिक अवस्थिति उच्च हिमाल, उच्च पहाड र चुरे क्षेत्र भएकाले ठुलो क्षति हुनसक्ने अनुमान गरिन्छ । सन् १५०५ पछिको रेकर्डअनुसार सुदूरपश्चिममा अहिलेसम्ममा २९ जुलाई १९८० मा भूकम्पले ठुलो क्षति गरेको थियो । खप्तड राष्ट्रिय निकुञ्ज केन्द्रविन्दु रहेर त्यो बेला ६.५ रेक्टरको भूकम्प जाँदा १७८ जनाको मृत्यु भएको थियो । पाँच हजार छसय मानिस घाइते भएका थिए । २० सेकेन्डसम्म रहेको सो भूकम्पले ४० हजार वर्गकिलोमिटरमा असर गरेको थियो । १५ किलोमिटर गहिराइमा गएको त्यो भूकम्पबाट ११ हजार ६०४ घरमा क्षति पुगाएको थियो । यद्यपि सो भूकम्पबारे नेपालभित्र र नेपालबाहिर फरक-फरक तथ्याङ्क राखिएको छ । त्यसपछि २०७९ कात्तिक २२ गते खप्तड नै केन्द्रविन्दु भएर गएको ६.६ रेक्टरको भूकम्पले डोटीको पूर्बीचौकी गाउँपालिकामा छ जनाको ज्यान लिएको थियो । १८.७ किलोमिटर गहिरोमा गएको सो भूकम्पबाट १३ जना घाइते भएका थिए । डोटी वरपरका चार हजार ६४६ घर पूरै र चार हजार १८६ घर आंशिकरुपमा भत्केका थिए । त्यतिबेला नेपाल, चीन र भारतका चार करोड मानिसले भूकम्पको कम्पन महसुस गरेको अनुमान छ । त्यतिबेला तीनसय पटक भूकम्पको कम्पन गएको थियो । भूकम्प मापन केन्द्र सुर्खेतका अनुसार २०२२ डिसेम्वर ८ देखि २०२५ जनवरी ४ सम्ममा ४ देखि माथि ७ भन्दामुनीका ७७ वटा सामान्य खालका भूकम्प गएका छन् । सो अवधिमा ६ देखि ७ रेक्टर सम्मका तीन, ५ देखि ६ रेक्टर सम्मका १३ वटा र ४ देखि ५ रेक्टरसम्मका भूकम्प ६१ वटा भूकम्प गएको पाइन्छ । सो समयमा ४ रेक्टरभन्दा मुनिका तीन हजार ५२३ भूकम्प गएका छन् । ७७ वटामध्ये सबैभन्दा बढी बझाङमा २९, बाजुरामा १९, जाजरकोटमा १३ वटा भूकम्प गएको तथ्याङ्क छ । यसक्रममा डोटी, दार्चुलामा ३-३, हुम्ला, दैलेख, मुगु, बैतडीमा २-२, अछाम र पश्चिममा १-१ भूकम्प गएका छन् ।जति गहिरोमा भूकम्प गयो त्यति क्षति कम हुन्छ भन्ने विज्ञहरुको दावी रहँदै आएको छ । २०७२ सालमा गोरखामा १३ किलोमिटर गहिरो (हाइपोसेन्टर डेप्थ) मा र जाजरकोटमा १० किलोमिटर गहिरोमा भूकम्प गएको थियो । सात रेक्टर स्केलको कम्पनको शक्तिको तुलनामा ८ रेक्टर स्केलको भूकम्पको शक्ति ३२ गुणा बढी हुन्छ । महाभूकम्पको जोखिम रहेको सुदूरपश्चिममा त्यसबाट जोगिनका लागि खासै ठुलो तयारी भएको छैन । प्रदेश सरकारले भूकम्पजस्ता विपत्ति आउँदा काम गर्न सहज बनाउन ऐन र कार्यविधी बनाएको भए पनि आपतकालीन कोष डेढ करोडको मात्र छ । त्यो रकम भूकम्प मात्र होइन वाढी, पहिरो, आगलागी लगायतका प्राकृतिक विपत्तिमा खर्च गर्नेगरी बनाइएको छ । सो कोष ५० लाख रुपियाँभन्दा कम नहुने व्यवस्था पनि प्रदेश सरकारले मिलाएको छ । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी दिपेन्द्रसिंह विष्ट आफ्नै हेलिकोप्टर हुन जरुरी नहुने त्यसका लागि सेना लगायतका सुरक्षा निकायसँग समन्वय गरेर अघि बढ्नसक्ने बताउनुभयो । हवाई उद्धार कार्यविधी अन्तर्गत आपतकालीन अवस्थामा कुनै पनि नागरिकको "एअर लिफ्ट" गरेर उद्धार गर्न सकिने उहाँको बुझाइ छ । प्राकृतिक विपत्तिमा आन्तरिक मामिला तथा कानुनमन्त्रीको अध्यक्षतामा बनेको प्रदेश विपत व्यवस्थापन कार्यकारी समितिले आवश्यक रकम विनियोजन गर्नका लागि माग गर्न सक्ने बताउँदै पछिल्ला वर्ष कानुन मन्त्रालयले नौवटै जिल्लाका विद्यालयमा विपद्सम्वन्धी जनचेतना अभियान चलाइने गरेको बताउनुभयो । यद्यपि सो कामका लागि नौ लाख रुपियाँ मात्र छुट्याइएकाले कार्यक्रम धेरै ठाउँ नपुगेको प्रस्ट आँकलन गर्न सकिन्छ । अर्कोतिर आपतकालमा वितरण गरिने टेन्ट र त्रिपाल पनि प्रदेश सरकारसँग छैन । सूचना अधिकारी विष्ट सरकारसँग एक हजार थान जति त्रिपाल मौजाद रहेको बताउनुहुन्छ । नेपाल सरकारको सेवाबाट निबृत्त इन्जिनियर मोहन रेग्मी पनि भूकम्पअघि कसरी सुरक्षित हुने सिकाउन जरुरी रहेको सुझाव दिनुहुन्छ ।

*बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके